नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८०/८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २६१

मिति २०८१।०१।१२
ने.सं.११४४ चौलागा, ०१ बुधबार

बिषय : विवाह दर्ता सम्बन्धमा ।

श्री स्थानीय पञ्जीकाधिकारी, सबै।

पिङकी गुरुङ भन्ने संजिव गुरुङ समेतको रिट निवेदनका (०७९-WO-१३८२) सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट उक्त रिट निवेदनको अन्तिम किनारा लगाउँदाको बखत अन्यथा हुने ठहरेमा सोही बमोजिम हुने गरी हाललाई उक्त रिट निवेदनका निवेदकहरु र निवेदक सरहका जोडीहरुले निवेदन माग गरेमा विवाहको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने आवश्यक व्यवस्था गर्न गराउन उत्प्रेषणयुक्त अन्तरिम आदेश जारी भएको र सो सम्बन्धमा मिति २०८१ बैशाख ६ गते गृह मन्त्रालय (माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्रीस्तर) बाट सम्मानित अदालतको आदेश बमोजिम सो प्रकृतिको विवाह दर्ताको लागि सबै स्थानीय पञ्जीकाधिकारीहरुलाई परिपत्र गर्ने निर्णय भएकोले त्यस्तो जोडी विवाह दर्ताको लागि निवेदन दिन आएमा छुट्टै दर्ता किताबमा विवाहको अस्थायी अभिलेख राखी संलग्न ढाँचाको विवाह दर्ता प्रमाणपत्र जारी गर्नु गराउनु हुन अनुरोध छ।

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ

आदेश

०७९-WO-१३८२

विषय:- उत्प्रेषण।

पिङकी गुरुङ भन्ने संजिव गुरुङ समेत------------------------------------------------------ निवेदक

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार काठमाण्डौ समेत-------------------------------------------------------------------------- विपक्षी

यसमा निवेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री प्रेम चन्द्र राई, श्री अनुराग देवकोटा, श्री रौनिक राज अर्याल र श्री पुकार दाहालले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिन भित्र विपक्षीहरुलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी सो को बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेश गर्नु।

साथै अन्तरिम आदेश समेत जारी गरी पाउन माग गरे तर्फ विचार गर्दा अहिले प्रारम्भिक रुपमा हेर्दा नेपालको संविधानको धारा १२ मा लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था रहेको, मुलुकी देवानी संहिता, २०७४ को दफा ६९(१) मा प्रत्येक व्यक्तिलाई विवाह गर्ने स्वतन्त्रता हुने गरी व्यवस्था भएको तथा नेपालको संविधानको धारा १८(१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने व्यवस्था भइरहेको देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा लगाउँदाका बखत अन्यथा हुने ठहरेमा सोही बमोजिम हुने गरी हाललाई प्रस्तुत रिट निवेदनका निवेदकहरु र निवेदक समूहका जोडीहरुले निवेदन माग गरेमा विवाहको अस्थायी अभिलेख राख्ने गरी विवाह दर्ता गर्न पाउने आवश्यक व्यवस्था गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७

नियम ४९(२)(क) बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशानुसार गर्नु भनी विपक्षीहरुलाई लेखी पठाई नियमानुसार गर्नू।

न्यायाधीश

इति संवत् २०८० साल आषाढ महिना १२ गते रोज ३ शुभम्-----------------------।

# विवाह दर्ताको अस्थायी प्रमाणपत्र

**(Marriage Registration Provisional Certificate)**

नेपाल सरकार **(Government of Nepal)**

स्थानीय पञ्जीकाधिकारीको कार्यालय **(Office of Local Registrar)**

**वडा नं. ........., ................... महा/ उपमहा / नगरपालिका / गाउँपालिका, .....जिल्ला, ......प्रदेश**

**Ward No. ........., ............................... Metropolitan/Sub-Metropolitan/Municipality/ Rural Municipality ........District, ..........Province**

**दर्ता मिति** (Date): **वि.सं.** ..................... (............................A.D.)

**दर्ता नं.** (Registration No.):

**विवाह मिति** (Marriage Date): ........................... **वि.सं.** (....................A.D.)

| दुलहा (Groom) / दुलही (Bride) फोटो | दुलहा (Groom) / दुलही (Bride) फोटो |
|---|---|
| दुलहा (Groom)/दुलही(Bride) | दुलहा (Groom)/दुलही(Bride) |

| विवरण (Details) | दुलहा (Groom)/दुलही(Bride) | दुलहा (Groom)/दुलही(Bride) |
|---|---|---|
| पूरा नाम : | | |
| Full Name: | | |
| जन्म मिति: | वि.सं. | वि.सं. |
| Date of Birth: | A.D. | A.D. |
| ना.प्र.नं./राहदानी नं./रा.प.नं. | | |
| C.C.No./Passport No. /NIN.: | | |
| स्थायी ठेगाना : | | |
| Permanent Address: | | |
| बाबुको पूरा नाम : | | |
| Full Name of Father: | | |
| आमाको पूरा नाम: | | |
| Full Name of Mother: | | |

**दस्तखत (Signature):**

**स्थानीय पञ्जीकाधिकारीको नाम:**

**Name of Local Registrar:**

**कार्यालयको छाप/Official Stamp**